नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३

इमेल : nuwakotcdo@gmail.com
वेवसाइट:daonuwakot.moha.gov.n

पत्र संख्या : ०७७/७८

मितिः २०७८।०३।२५

## जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जारी निषेध आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०३/२५ गते राति १२:०० बजे सम्मका लागि निषेधित आदेश जारी भएकोमा पुनः २०७८/०३/२५ गते राति १२:०० बजेदेखि २०७८/०४/०१ गते राति १२:०० बजेसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः-

### निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह, व्यवसाय सम्बन्धी**

(क) आवश्यक काम बाहेक घर बाहिर निस्कन तथा हिंडडुल गर्न नपाइने,

(ख) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न गराउन नपाइने,

(ग) सार्वजनिक खेलकूद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर र हाटबजार तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन गर्न नपाइने,

(घ) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रुपमा आश्रय लिइ बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका कार्यक्रम गर्न नपाइने,

(ङ) पुजारीबाट हुने नित्य पूजा बाहेकका अन्य धार्मिक तथा साँस्कृतिक गतिविधिहरू सञ्चालन गर्न नपाउने।

(च) कुनैपनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मानिसहरु भेला हुने, नारा, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन नपाइने,

(छ) रङ्गशाला, खेलकूदस्थल, मनोरन्जन स्थल, कवर्ड हल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, फिटनेस सेन्टर, सामूहिक खेलकूद, पार्टी प्यालेस, होटल तथा रेष्टुरेन्ट, चियापसल, सैलुन तथा ब्युटिपार्लरहरु सञ्चालन गर्न नपाइने,

(ज) विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराई सिकाई गतिविधि संचालन गर्न नपाइने।

(झ) कबाडी संकलनको कार्य गर्न, साइकलमा सामान राखेर बिक्री वितरण गर्न तथा फुटपाथमा पसल सञ्चालन गर्न/गराउन नपाइने।

प्रमुख जिल्ला अधिकारी

**सार्वजनिक तथा निजी सवारी संचालन सम्बन्धमा**

(क) सार्वजनिक यात्रुवाहक सवारी साधन संचालन गर्न नपाइने।

(ख) खाद्यवस्तु, पेट्रोलिय पदार्थ, पानी तथा अत्यावश्यक सामाग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरुवा (बढीमा २ जना) बोकेको एम्बुलेन्स, अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक अन्य सवारी साधन यस जिल्लामा प्रवेश गर्न रोक लगाउने।

(ग) नेपाल सरकारले तोकेको मापदण्ड विपरीत बढी भीडभाड हुने गरी व्यापार, व्यवसाय, निर्माण कार्य गर्न र श्रमिकहरुको ओसारपसार तथा प्रयोग गर्न नपाइने।

(घ) तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी/नगराई संचालन अनुमति प्राप्त सवारी साधन प्रयोग तथा सञ्चालन गर्न नपाइने,

**अन्य विषय**

(क) काठमाडौं उपत्यका गन्तव्य हुने गरी यात्रा अनुमति माग्दा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सहमति प्राप्त नभई सवारी साधनलाई यात्रामा सहजीकरण गरिने छैन ।

(ख) यस जिल्लामा प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टिन र होम आइसोलेसनमा बस्नु पर्नेछ।

## गर्न पाइने कार्यहरु

(ग) आवश्यक कामको लागि घर बाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजरको प्रयोग गरी स्वास्थ्य प्रोटोकल बमोजिम कम्तिमा २ मिटरको भौतिक दूरी कायम गरी हिंड्न।

(घ) विवाह, व्रतवन्धको हकमा बढी १५ जनासम्म (विवाहमा दुबैपक्षका गरी) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर आफू बसोबास गरेको घरमा मात्र गर्न ।

(ङ) विवाहसम्बन्धी कार्यक्रमका लागि अन्य जिल्लामा जानु पर्ने भएमा वेहुला, वेहुली र चालक सहित बढीमा ७ जनाको लागि गन्तव्य स्थानीय तहको सिफारिस सहित जिल्ला प्रशासन कार्यालयको सवारी अनुमति प्राप्त गरेर मात्र जान।

(च) जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरुप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गराई आ-आफ्नो निकायबाट सेवा सञ्चालन तथा व्यवस्थापन गर्न ।

(छ) सबै प्रकारका निजी सवारी साधन तोकिएको स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी जिल्लाभित्र मात्र सञ्चालन गर्न।

(ज) खाद्य सामग्री, तरकारी, फलफूल पसल तथा माथि उल्लिखित निषेध गरिएका कार्यहरू बाहेकका अन्य सबै प्रकारका पसल व्यवसायहरू नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी साँझ ६ बजे सम्ममात्र खुल्ला गर्न।

(झ) औषधि, स्वास्थ्य सामग्री, भेटनरी तथा विउविजन सम्बन्धी पसल व्यवसाय नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने/गराउने गरी संचालन गर्न।

(ञ) अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, पेट्रोलियम पदार्थ, खाद्यान्न, तरकारी, फलफूल, दूध तथा दुग्धजन्य पदार्थ, दूरसंचार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेशन, कुरियर, डाँक, फोहरमैला व्यवस्थापन, लगायतका ढुवानीका साधन जिल्ला भित्र संचालन गर्न।

प्रमुख जिल्ला अधिकारी

(ट) बैंक, वित्तीय संस्थाहरुको हकमा नेपाल राष्ट्र बैंक र सम्बन्धित बैकको केन्द्रीय कार्यालयबाट जारी निर्देशन बमोजिम स्वास्थ्य प्रोटोकल पालना गरी संचालन गर्न।

(ठ) विकास निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुवानीका साधन संचालन गर्न पाइने तर निर्माण कार्यमा प्रयोगहुने जनशक्तिलाई कार्यस्थल मै बस्ने खाने व्यवस्था व्यवस्थापक स्वयंले गरी स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर कार्य गर्न।

(ड) चल्ला, दाना, अण्डा, कुखुरा, मासु तथा मासुको लागि प्रयोग हुने जनावर, माछा, माछाका भुरा, माछाको दाना तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी ढुवानीका गर्न।

(ढ) अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हवाइटिकट, पासपोर्ट र भिषा हुनेलाई सिधै एयरपोर्ट जाने सवारी साधनको लागि सहजीकरण गरिने ।

(ण) सञ्चारकर्मी, पत्रकारहरुको हकमा सूचना संकलन र सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचयपत्र वा सम्बन्धित सञ्चार गृहको परिचयपत्रको आधारमा आवत जावत गर्न।

(त) माथि उल्लेखित बाहेक अन्य अत्यावश्यक काम (अस्पतालमा आउने जाने विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनुपर्ने) का लागि अन्तर जिल्ला निजी सवारी साधन प्रयोग गर्नुपरेमा प्रमुख जिल्ला अधिकारीबाट जारी हुने अनुमति पत्र लिनु पर्ने। अनुमति माग्दा निवेदन, स्थानीय तहको सिफारिस र अस्पतालको कागजात समेत पेश गर्नु पर्नेछ।

माथि उल्लेखित आदेशका साथै नेपाल सरकार मन्त्रिपरिषद्बाट COVID-19 को नियन्त्रण सम्बन्धमा कुनै आदेश जारी भएमा सोही बमोजिम हुनेछ ।

२०७८।३।२५

...........................

(जीवनप्रसाद दुलाल)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी